# सोलुदुधकुण्ड नगरपालिका

༄། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**


**प.सं. २०७६-७७**
**च.नं.**

visit nepal 2020 Lifetime Experiences

---

## प्रेस-विज्ञप्ति

**मिति २०७६ असोज १२ गते यस सोलुदुधकुण्ड नगरपालिकाका नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा नगरकार्यपालिका पदाधिकारीज्यूहरूको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो।**

**तपसिल:**

१) नेपालीहरुको महान चाड बडादशै, तिहार तथा छठपर्व २०७६ को उपलक्ष्यमा समस्त नेपाली तथा नगरबासी दिदी बहिनि तथा दाजु भाईहरुमा हार्दिक मंगलमय शूभकामना ब्यक्त गर्ने । शूभकामनालाई स्थानीय सञ्चार माध्यमबाट प्रसारण गर्ने ।

२) नगरको सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन नगरका मूख्य भागहरुमा निकाय/संघ संस्थाहरुसंगको सहकार्यमा सि.सि. टिभी जडान गर्न रु. १५,०००००।०० विनियोजन गर्ने ।उक्त रकम नयाँ बसपार्कको लागि थप जग्गा खरिद गर्न विनियोजित रु. १५,०००००।०० बाट खर्च गर्ने गरी बार्षिक कार्यक्रम संशोधन स्वीकृत गर्ने ।

३) नगरपालिकाबाट उत्सर्जन हुने सवै किसिमका फोहोरहरुको संकलन भण्डारण एवं व्यवस्थापन गरी नगरलाई स्वच्छ र सफा बनाउनको लागि एकिकृत स्रोत विकास केन्द्रसंग सहकार्य गर्न आवश्यक रकम समपुरक कोषबाट व्यहोर्ने र नवीकरण एवं सम्झौताको प्रक्रिया अगाडि बढाउने ।

४) नगरपालिकाको दमकलको लागि आकस्मिक अवस्थामा पानी भर्न मिल्ने गरी स्थायी प्रकृतिको पानी भर्ने ट्याङ्की ( Water Reservoir ) निर्माण गर्न र सोको वरिपरि खोला घेरबार गर्न समेत प्राविधिकको इस्टिमेट अनुसारको क्रमशः रु. ६,१८,७८३.६३ र रु. १,१२,८१३.८९ गरी रकम रु. ७३१५९७.५२ स्वीकृत गर्ने । यो रकम पुल तर्फ विनियोजित भएको लोदिङ खोला बेलीब्रिज निर्माणको क्रमागत योजनामा बचत हुने रकमबाट ब्यहोर्ने गरी निर्माण प्रक्रिया अगाडि बढाउने ।

५) सल्लेरीको मिसन कन्सट्रक्सन प्रा.लि.लाई सल्लेरी - सिलगुडी - काकु - बासाको सडक निर्माणको लागि आवश्यक ढुङ्गा गिट्टी उत्पादन गर्न वडा नं. ५ की रेणु कार्कीको नाममा रहेको कि.न. ३४२५ को जग्गामा क्रसर उद्योग राख्न सहमति दिने ।

---


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

६) वडा नं. ५ को तिनकुने देखि हुलाक कार्यलयसम्मको बाटो साँघुरो भएको र त्यस क्षेत्रमा नेपाली सेनाको तारबार भएकोले उक्त बाटो फराकिलो बनाउनको लागि नेपाली सेनालाई आवश्यक समन्वय गर्न पत्राचार गर्ने।

७) उपभोक्ता समितिबाट गरिने योजनाहरुको श्रमदान सम्बन्धमा ।

क) **निर्णय १**ः खरिद गरी योजना सम्पन्न गरिने योजनाहरुको लागि जस्तैः पाईप, पेल्टीसेट लगायत विद्युत सम्बन्धीको कामहरु, जस्तापाता, फर्निचर र फिटिङ्सका सामानहरु, रङ्गरोगन गर्ने कामहरु तथा मेशिन प्रयोग गरिने कार्यको लागि ५%

ख) **निर्णय २**ः सार्वजनिक भवन निर्माण, सडक बाटो, कल्भर्ट, कज-वे निर्माण, खानेपानी सम्बन्धीका विभिन्न कामहरु तथा मर्मत कार्यको लागि ( स्कूल भवन, कार्यालय भवन, काठे साँघु लयायत सडक बाटो ) निर्माण तथा मर्मत कार्यको लागि १०%

ग) **निर्णय ३**ः संघ-संस्थानले निर्माण गर्ने जुनसुकै कामहरु माग भई सञ्चालन हुने विभिन्न योजनाहरुको निर्माण कार्यको लागि २०%

८) भालुले आक्रमण गरी तत्काल उद्दार गर्न टाक्सिन्दुको हेवाबाट हेली प्रयोग गरी फाप्लु ल्याईएकोमा मानवीय सहयोग क्रियाकलापबाट आवश्यक बिल भर्पाईको आधारमा रु. ५०,०००।०० भूक्तानी दिने ।

९) मिति २०७६-०६-०९ गतेका दिन वडा नं. ९ को सोल्नासाबाट भित्ताखर्क जाने बाटो/सडक निर्माण गर्ने क्रममा स्थानीय वर्ष ४८ को दावा तामाङको घटना स्थलबाट उद्धार गरी उपचारको क्रममा गोराखानी स्वास्थ्य चौकीमा सोही दिन मृत्यु भएकोमा प्रहरी मुचुल्का तथा अन्य प्रमाणको आधारमा निजको परिवारलाई राहत स्वरुप रु. ५,००,०००।०० आन्तरिक स्रोतबाट भूक्तानी दिने ।

.............................

**शारदामाया तामाङ**

**नगर प्रवक्ता**